५१२-५२४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४५७/२०७२/०७३
निर्णय नं. ५२४

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), मंगलसेन नगरपालिका कार्यालय,मंगलसेन,अछाम ...........१ विपक्षी
सूचना अधिकारी, मंगलसेन नगरपालिका कार्यालय, मंगलसेन,अछाम .................... ...........१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले मंगलसेन नगरपालिकाको कार्यालय मंगलसेन, अछाम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम मंगलसेन नगरपालिका कार्यालय, मंगलसेन, अछामलाई मिति २०७२।०७।२९ च.नं. ४११ पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त नगरपालिकाको मिति २०७२।०९।०६, च.नं. ८२२, प.सं. २०७२/०७३ (प्र) को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी बोधार्थ मार्फत पुनरावेदकलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही- गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।